अर्जुनधारा नगरपालिका

**नगर कार्यपालिकाको बैठक**

बैठक संख्याः७९

मितिः२०७६/१०/०६

उपस्थिति

| | | | | |
|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिकुमार राना | अध्यक्ष | |
| २ | उप प्रमुख | श्री कमला खतिवडा आचार्य | सदस्य | |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | श्री पंकज भूर्तेल | सचिव | |
| ४ | वडा अध्यक्ष,वडा नं १ | श्री गजाधर खतिवडा | सदस्य | |
| ५ | वडा अध्यक्ष,वडा नं २ | श्री रघुनाथ खनाल | सदस्य | |
| ६ | वडा अध्यक्ष,वडा नं ३ | श्री जीवकुमार भण्डारी | सदस्य | |
| ७ | वडा अध्यक्ष,वडा नं ४ | श्री दुर्गाप्रसाद दाहाल | सदस्य | |
| ८ | वडा अध्यक्ष,वडा नं ५ | श्री ध्यानबहादुर भारती | सदस्य | |
| ९ | वडा अध्यक्ष,वडा नं ६ | श्री लोकनाथ गौतम | सदस्य | |
| १० | वडा अध्यक्ष,वडा नं ७ | श्री नवराम ढुङ्गाना | सदस्य | |
| ११ | वडा अध्यक्ष,वडा नं ८ | श्री गोपिचन्द्र गौतम | सदस्य | |
| १२ | वडा अध्यक्ष,वडा नं ९ | श्री पुष्पकुमार प्रसाई | सदस्य | |
| १३ | वडा अध्यक्ष,वडा नं १० | श्री बलदेवसिंह गोम्देन | सदस्य | |
| १४ | वडा अध्यक्ष,वडा नं ११ | श्री भैरबबहादुर खड्का | सदस्य | |
| १५ | कार्यपालिका सदस्य | श्री दिलमाया दास | सदस्य | |
| १६ | कार्यपालिका सदस्य | श्री खिनमान दर्जी | सदस्य | |
| १७ | कार्यपालिका सदस्य | श्री शारदाकुमारी भट्टराई | सदस्य | |
| १८ | कार्यपालिका सदस्य | श्री रमेश कुमार दर्जी | सदस्य | |
| १९ | कार्यपालिका सदस्य | श्री दिलिप गुरुङ्ग | सदस्य | |
| २० | कार्यपालिका सदस्य | श्री हरिमाया भण्डारी | सदस्य | |
| २१ | कार्यपालिका सदस्य | श्री शकुन्तला बराल | सदस्य | |
| २२ | कार्यपालिका सदस्य | श्री लक्ष्मी तामाङ्ग | सदस्य | |
| १ | सहायक चौथो | श्री सोजन कट्टुवाल | आमन्त्रित | |
| २ | " | श्री गजेन्द्र राउत | | |

**मिति २०७६/१०/०६ गते बसेको नगर कार्यपालिका बैठकका निर्णयहरु:**

१. मुख्यमन्त्री ग्रामिण सडक सुधार आयोजना अन्तर्गत यस नगरपालिकामा अर्जुनधारा-६ र ९ मा पर्ने माता मन्दिर प्रणामी मन्दिर हुँदै मिलन चौक जोड्ने सडक कालोपत्रे गर्नका लागि कुल लागतको ८० प्रतिशतले हुन आउने रकम रु ७३,००,०००/- (त्रिहत्तर लाख मात्र ) प्रदेश सरकारबाट विनयोजन भई बाँकी २० प्रतिशत लागत साझेदारी नगरपालिका बाट व्यहोर्न लेखी आएकामा उक्त सडक कालोपत्रेका लागि १० प्रतिशत रकम स्थानीय जनसहभागिता जुटाई बाँकी १० प्रतिशतले हुन आउने रकम यस नगरपालिकाको समपूरक कोषबाट व्यहोर्न मिति २०७६/०९/२३ मा बोर्ड बैठक विनियोजित रकम अपुग हुने भएकाले उक्त परियोजनाका लागि नगरपालिकाको तर्फबाट रु १८,२५,०००/- (रु अठार लाख पच्चिस हजार मात्र ) विनियोजन गर्ने ।

२. अर्जुनधारा नगरपालिकामा बालबालिकासँग मेयर कार्यक्रम सञ्चालनका लागि रु २ लाख विनियोजन गर्ने । उक्त कार्यक्रम मिति २०७६/१०/१८ गते एक कार्यक्रम आयोजना गरी उद्धाटन गर्ने ।

३. नेपाल भ्रमण वर्ष २०२० तथा अर्जुनधारा महोत्सवको पूर्व तयारी स्वरुप आगामी फागुन ४ गतेबाट नगरपालिकाका सबै वडाहरुमा स्वास्थ्य शिविर,कृषि पशुपंक्षी उपचार शिविर,साँस्कृतिक कार्यक्रम,खेलाडी छनौट एवं नवगठित टोल विकास समितिका पदाधिकारीहरुलाई द्विदिवशीय तालिम अभिमुखिकरण एवं अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने ।कार्यक्रमको पहिलो दिन कार्यक्रम उद्धाटन,स्वास्थ्य शिविर,साँस्कृतिक कार्यक्रम सञ्चालन गर्ने । उक्त कार्यक्रमको उद्धाटन समारोहमा प्रमुख अतिथीको रुपमा आतिथ्यताका लागि निम्नानुसारको समय तालिकामा देहायानुसारका पदाधिकारीहरुलाई अनुरोध गर्ने ।
दोश्रो दिन नगर उप प्रमुख तथा प्रदेश सभा सदस्यज्यूको प्रमुख आतिथ्यतामा खेलाडी छनौट तथा समापन कार्यक्रम सञ्चालन गर्ने ।

| क्र.सं. | मिति | स्थान | पदाधिकारी |
|---|---|---|---|
| १ | २०७६ फागुन ४ गते आइतबार | वडा नं ७ | मा. श्री हिक्मत कार्की |
| २ | २०७६ फागुन ५ गते सोमबार | वडा नं १ | मा.श्री अम्बिरबाबु गुरुङ |
| ३ | २०७६ फागुन ६ गते मंगलबार | वडा नं २ | मा.श्री राम राना |
| ४ | २०७६ फागुन ७ गते बुधबार | वडा नं ३ | मा.श्री इन्द्रबहादुर आङ्बो |
| ५ | २०७६ फागुन ८ गते बिहिबार | वडा नं ४ | मा.श्री जीवन घिमिरे |
| ६ | २०७६ फागुन ९ गते शुक्रबार | वडा नं ५ | मा.श्री जसमाया गजमेर |
| ७ | २०७६ फागुन ११ गते आइतबार | वडा नं ६ | मा.श्री धर्मशिला चापागाई |
| ८ | २०७६ फागुन १२ गते सोमबार | वडा नं ११ | मा.श्री पवित्रा निरौला खरेल |
| ९ | २०७६ फागुन १३ गते मंगलबार | वडा नं १० | मा.श्री झलकसिंह दर्लामी |
| १० | २०७६ फागुन १४ गते बुधबार | वडा नं ९ | मा.श्री देबेन्द्र दाहाल |
| ११ | २०७६ फागुन १५ गते बिहिबार | वडा नं ८ | मा.श्री जगदिशचन्द्र कुशियत |

उक्त कार्यक्रमको व्यवस्थापन तथा संयोजन सम्बन्धित वडा कार्यालयहरुले गर्ने ।

४. अर्जुनधारा नगरपालिका र संयुक्त अधिराज्यको विल्भरह्याम्पटन सिटी काउन्सिलबिचको मैत्रीपूर्ण सम्बन्धको प्रतिकको रुपमा शनिश्चरे बजारमा एउटा मैत्री स्तम्भ निर्माण गर्ने ।सो का लागि प्राविधिक लागत स्टमेट तयार गरी हुन आउने रकम विनियोजन गर्ने ।

हरि कुमार राना मगर
नगर प्रमुख

५. अर्जुनधारा नगरपालिका भएर बहने नदिहरुबाट नदिजन्य सामाग्री उत्खननका लागि पटक पटक ठेक्का बन्दोवस्तका लागि सूचना प्रकासन गर्दा समेत कुनै प्रस्ताव नपरेको अवस्थामा उक्त सामाग्री उत्खननका लागि सम्भावित विकल्पहरुमा छलफल गरी राय पेश गर्न देहायानुसारको एक समिति गठन गरी जिम्मेवारी दिने।

| | |
|---|---|
| उप प्रमुख श्री कमला खतिवडा आचार्य | संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत श्री पंकज भूर्तेल | सदस्य |
| वडा अध्यक्ष ,वडा नं ३ श्री जीवनकुमार भण्डारी | सदस्य |
| वडा अध्यक्ष,वडा नं ६ श्री लोकनाथ गौतम | सदस्य |
| वडा अध्यक्ष वडा नं १० श्री बलदेवसिंह गोम्देन तामाङ्ग | सदस्य |

उक्त समितिले आवश्यकता अनुसार भुगर्भविद( विषयविज्ञ) तथा कानून विदलाई आमन्त्रण गर्न सक्नेछ।

६. अर्जुनधारा नगरपालिकाबाट विभिन्न विषयगत क्षेत्रमा गत आर्थिक वर्षमा सञ्चालन गरेका मुख्य मुख्य क्रियाकलाप तथा चालु आर्थिक वर्षमा सञ्चालनमा रहेका तथा तयारीमा रहेका कार्यक्रमहरुलाई समेटी एक बुकलेट प्रकासन गर्ने र निर्णय नं ३ अनुसारको कार्यक्रममा वितरण गर्ने ।सो कार्यका लागि कार्यालयको योजना तथा आर्थिक प्रशासन शाखलाई जिम्मेवारी दिने।

७। सहकारी सिंचाई, साना सिंचाई मर्मत सम्भार तथा निर्माण/साना सिंचाई सेवा

साना सिंचाई आयोजना तर्फको केन्द्रीय वजेटवाट विनियोजित रु. ५,००,०००।- (पाँच लाख) र अर्जुनधारा नगरपालिकाको वार्षिक स्विकृत साना सिंचाई कार्यक्रममा विनियोजित रु. १०,००,०००।-(दश लाख) गरि जम्मा रु. १५,००,०००।- (पन्द्र लाख ) मध्ये कन्टेन्जेन्सी ३ प्रतिशतले हुन आउने रु. ४५,०००।- (पैतालिस हजार) कट्टा गरि रु. १४,५५,०००।- (चौध लाख पचपन्न हजार) रकम लाई निम्न अनुसारको रकम विनियोजन गर्ने।

निम्न

| सि.नं. | कृषक समूह/सहकारीको विवरण | ठेगाना | माग गरेको सिंचाईको नाम | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १. | श्री नुमा कृषि फर्म | अ.न.पा. ९ | वोरिङ मोटर | ५००००।० | |
| २. | श्री उपहार मिश्रित समुह | अ.न.पा. १० | वोरिङ मोटर | ५००००।० | |
| ३. | राजपैनी सिंचाई जल उपभोक्ता समिति | अ.न.पा. ४ | पैनी मर्मत | ७५०००।० | |
| ४. | प्रगति महिला कृषक समुह | अ.न.पा. १० | मोटर वोरिङ्ग | ५००००।० | |
| ५. | नमुना मिश्रित कृषक समुह | अ.न.पा. ३ | इनार वोरिङ्ग | ९००००।० | |
| ६. | सुर्योदय मिश्रित कृषक समुह | अ.न.पा. १ | पैनी मर्मत | ७५०००।० | |
| ७. | श्री रमाइलो कृषि तरकारी तथा फलफुल पशुपंक्षी समुह | अ.न.पा. ७ | बोरिङ्ग मोटर | ५००००।० | |
| ८. | चाँदनी कृषक समुह | अ.न.पा. ५ | बोरिङ्ग मोटर | ५००००।० | |
| ९. | मन्जु च्याउ फर्म | अ.न.पा.७ र४ | बोरिङ्ग मोटर | ५००००।० | |
| १०. | आचार्य कृषि फर्म | अ.न.पा. ६ | बोरिङ्ग मोटर | ५००००।० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | शिवशक्ति कृषि फर्म | अ.न.पा. ४ | पैनी निर्माण | ८०००।० | |
| १२. | सिमाना कृषक समुह | अ.न.पा. २ | इनार बोरिङ्ग | ९०००।० | |
| १३. | श्री पाथिभरा महिला कृषक समुह | अ.न.पा. ९ | बोरिङ्ग मोटर | ५०००।० | |
| १४. | मदन जिबराज स्मृति प्रतिस्ठान | अ.न.पा. ४ | बोरिङ्ग मोटर | ५०००।० | |
| १५. | दाजुभाई कृषि फर्म | अ.न.पा. ५ | बोरिङ्ग मोटर | ५०००।० | |
| १६. | चौहानगाँउ कृषक समुह | अ.न.पा. ४ | बोरिङ्ग मोटर | ५०००।० | |
| १७. | नहिना कृषि फर्म | अ.न.पा. ११ | बोरिङ्ग मोटर | ५०००।० | |
| १८. | श्री शान्ति कृषक समुह | अ.न.पा. ३ | बोरिङ्ग मोटर | ५०००।० | |
| १९. | किरण मिश्रित कृषक समुह | अ.न.पा. ३ | बोरिङ्ग मोटर | ५०००।० | |
| २०. | जागृति कृषक समुह | अ.न.पा. ९ | पैनी मर्मत | ८०००।० | |
| २१. | नवकिरण कृषक समुह | अ.न.पा. ४ | बोरिङ्ग मोटर | ५०००।० | |
| २२. | कन्चन महिला समुह | अ.न.पा. ५ | बोरिङ्ग मोटर | ५०००।० | |
| २३. | साधुटार मिश्रित कृषक समुह | अ.न.पा. १ | मोटर पाईप | २५०००।० | |
| २४. | हाम्रो एग्रो फर्म | अ.न.पा. ७ | बोरिङ्ग मोटर | ५०००।० | |
| २५. | चाँदनी वहुमुखी कृषि फर्म | अ.न.पा. ५ | बोरिङ्ग मोटर | ५०००।० | |
| २६. | मंगल मिनि महिला आग्यानिक कृषि फर्म | अ.न.पा. ८ | बोरिङ्ग मोटर | ४०००।० | |
| जम्मा | | | | १४५५०००।० | |

साना सिंचाई आयोजनामा मिति २०७६/०७/१८ देखि २०७६/०८/१८ सम्म सुचना प्रकाशित गर्दा जम्मा ५५ वटा निवेदन प्राप्त भएकोमा स्थलगत निरिक्षण गरि माथिका २६ वटा योजनाहरु छनौट गरिएको र वाँकी आयोजनाहरु क्रमश श्रोत ब्यवस्थापन गर्दै अन्य योजनाहरुलाई प्राथमिक्ता दिदै जाने ।

८. अर्जुनधारा नगरपालिका वडा नं २ स्थित टाङटिङ सहकारी संस्थाको स्वामित्वमा रही नगरपालिकाको प्रयोजनका लागि उपभोग गर्ने प्रक्रिया अघि बढाइएको जग्गामा नदि नियन्त्रणका लागि तारजाली भर्ने तथा बाटो निर्माण गर्ने लागत स्टमेट हुन आउने रकम रु ८०,००,०००/- (असि लाख मात्र ) मध्ये आगामी आर्थिक वर्षमा रु ४० लाख भुक्तानी गर्ने गरी चालु आर्थिक वर्षमा रु ४० लाख बजेट विनियोजन गर्ने ।

९. अर्जुनधारा नगरपालिका वडा नं २ स्थित सहकाले खानेपानीको मुहान सार्नका लागि रु १०,००,०००/- (दश लाख मात्र ) बजेट विनियोजन गर्ने ।

१०.अखिल नेपाल युवक संघलाई कार्यक्रम सञ्चालन सहयोगार्थ रु १०,०००/- (दश हजार मात्र ) र जनता माध्यमिक विद्यालयको जुनियर रेडक्रस सर्कलद्वारा आयोजना हुने साँस्कृतिक कार्यक्रमका लागि रु ५,०००/- (पाँच हजार मात्र ) उपलब्ध गराउने ।

११.अर्जुनधारा नगरपालिका कृषि विकास शाखाको वार्षिक स्वीकृत कार्यक्रम अनुसार सञ्चालन गर्ने नगर पकेट कार्यक्रम सञ्चालन गर्नको लागि वडाहरुबाट निर्धारण भई आएका क्लस्टरहरुमा वडा नं ७,८ र ९ बाट सिफारिस भई आए अनुसारको क्लष्टरलाई स्वीकृत गरी धान बालीम पकेट सञ्चालन गर्ने ।साथै उक्त वडाहरुले कार्यक्रम सञ्चालन गर्दा सिँचाई आयोजनाहरुमा प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्ने ।

हरी कुमार राना मगर
नगर प्रमुख

१२. अर्जुनधारा नगरपालिका वडा नं ११ स्थित नेत्रज्योति संघको स्वामित्वमा रहेको कि.नं.२६२ ज.वि. ०-१३-५ जग्गामा बहुउद्देश्यीय भवन निर्माणका लागि उक्त जग्गा उपभोग गर्न अनुमतिका लागि संघमा अनुरोध गरी पठाइएकोमा संघको च.नं.२७८/०७५/०७६ मिति २०७६/०२/१२ को पत्रबाट उक्त जग्गा उपभोगका लागि स्वीकृति प्राप्त भएकाले उक्त स्थानमा बहुउद्देश्यीय भवन निर्माणका लागि सघन शहरी तथा भवन निर्माण आयोजनामा अनुरोध गर्ने।

१३. कृषि ज्ञान केन्द्र भद्रपुर झापाको आर्थिक वर्ष २०७६/०७७ को स्वीकृत कार्यक्रम अनुसार प्रकाशित सूचना अनुसार यस नगरपालिकामा कृषि बजार तथा संकलन केन्द्र निर्माण कार्यका लागि कृषि ज्ञान केन्द्रमा प्रस्तावना पेश गर्ने।

१४. अर्जुनधारा नगरपालिका वडा नं २ स्थित साठिमुरे क्षेत्रमा गौतम बुद्धको प्रतिमा निर्माणको डिपिआर तयार गर्नका लागि रु २०,००,०००/- (बिस लाख मात्र ) नगरपालिकाको स्वीकृत बजेट अन्तर्गत विभिन्न अध्ययन अनुसन्धान कार्यको लागि विनियोजित बजेटबाट विनियोजन गर्ने।

१५. अर्जुनधारा नगरपालिकाका विभिन्न स्थानहरुमा स्थापना गर्नका लागि नगरपालिकाद्वारा निर्मित गाई र अर्जुन,आदिकवि भानुभक्त र मोतिराम भट्ट शालिक शनिश्चरे बजारमा ,भाषाविद् महानन्द सापकोटाको शालिक महानन्द चौकमा स्थापना कार्य आगामी फागुन मसान्त भित्र सक्ने गरी कार्यालयको योजना तथा प्राविधिक शाखालाई जिम्मेवारी दिने।

१६. अर्जुनधारा नगरपालिका वडा नं २ स्थित स्वास्थ्य चौकीका लागि एक जना एम बि बि एस डाक्टरको आवश्यक रहेको हुँदा उक्त स्वास्थ्य चौकीका लागि एक जना MBBS डाक्टर पठाइदिन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा अनुरोध गर्ने।

१७. अर्जुनधारा नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा आवश्यक श्रेणिविहिन तथा प्राविधिक कर्मचारीहरुको सेवा करारमा लिने पाचौं नगर सभाको निर्णयानुसार त्यस्ता कर्मचारीहरुको संख्या यकिन गरी प्रतिवेदन पेश गर्न उप प्रमुखज्यूको संयोजकत्वमा गठित समितिद्वारा पेश गरेको प्रतिवेदन स्वीकृत गरी प्रतिवेदनमा उल्लेख भए अनुसारको पद तथा संख्यामा सेवा करारमा लिनका लागि प्रक्रिया अघि बढाउने।

१८. मिति २०७६/०४/१९ को कार्यपालिका बैठकबाट कार्यालयमा आवश्यक विभिन्न विषयमा कार्यविधिहरु निर्माण गर्न कार्यालयकै जनशक्ति अतिरिक्त समयमा समेत परिचालन गरी निर्माण गर्ने र यसरी खटिने कर्मचारीलाई अतिरिक्त सुविधाको समेत व्यवस्था गर्ने निर्णय भएकोमा यसरी कार्यविधि निर्माणमा खटिने कर्मचारीहरुलाई प्रति कार्यविधि देहायानुसारको सुविधा उपलब्ध गराउने कार्यालयको निर्णय अनुमोदन गर्ने।

क. एउटा कार्यविधि निर्माणका लागि बढीमा ५ जना कर्मचारीको समिति निर्माण गरी जिम्मेवारी दिई समितिका पदाधिकारीलाई बढीमा ३ वटा बैठक भत्ता उपलबध गराउने।

ख. एउटा कार्यविधि निर्माणमा बैठक सञ्चालन तथा खाना खाजा खर्च बापत बिल बमोजिम बढीमा रु ५,०००/- उपलब्ध गराउने।

१९. अर्जुनधारा ६ बस्ने सरसफाई अभियन्ता विष्णु आचार्यलाई इस्टेनियमा हुने विश्व सरसफाई सम्मेलनमा सहभागिताका लागि रु २०,०००/- ( बिस हजार मात्र ) आर्थिक सहायता उपलब्ध गराउने।

२०. मिति २०७६/०३/०९ को बोर्ड बैठकको निर्णयबाट अर्जुनधारा नगरपालिका वडा नं १ मा खगेन्द्र फुयलको घरछेउ बिरिङ्ग खोलामा १०० मी स्पर बाँध्न रु २० लाख विनियोजन गरिएकामा प्राविधिक स्टमेट अनुसार उक्त रकमबाट ६३ मि. मात्र स्पर बाँध्न सकिने देखिएको हुँदा उक्त रकमबाट ६३ मि स्पर बाँध्ने गरी योजना सम्झौता गर्ने।

२१. मिति २०७६/०९/११ को बोर्ड बैठकको नि.नं. ५ अनुसार न्यानो कपडा खरिदका लागि रु ५ लाख विनियोजन भएकोमा तोकिएको परिमाणम सामाग्री खरिद गर्दा अपुग भएको रु ६५ हजार रकम विनियोजन गरी सामाग्री वितरण गर्ने।

हरी कुमार राना मगर
नगर प्रमुख